आज मिति २०७६/०२/०५ गते दिनको १:०० बजे यस गोरखा नगरपालिका, गोरखाका नगर प्रमुख श्री राजन राज पन्तज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बस्यो । बैठकमा निम्नानुसारका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रहेको छ ।

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री राजन राज पन्त | |
| २ | नगर उपप्रमुख | श्री बिना कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री हिक्मत बहादुर कुँवर | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मिया | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री राम ~~बहादुर~~ बाबु बोगटी | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री खोप बहादुर अधिकारी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री राम ~~बहादुर~~ कुमार थापा मगर | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री नारायण प्रसाद अर्याल | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री कृष्ण बहादुर खत्री | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री कुल बहादर कुँवर | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री देुवी बहादुर बस्नेत | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री राम बहादुर खड्का | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री डिल बहादुर थापा | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री हरि बहादुर खनाल | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री राम बहादुर खड्का | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री रञ्जिला श्रेष्ठ | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री सावित्री थापा मगर | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बिना कैनी | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | श्री कृष्ण कुमारी श्रेष्ठ | |
| | अन्य उपस्थिति | | |
| २६ | ले.अ. | श्री प्रकाश [illegible] | |
| २७ | इ. | श्री प्रकाश ढकाल | |
| २८ | प्रा.प्र. | श्री राम कुमार श्रेष्ठ | |

Scanned by CamScanner

**नगरकार्यपालिका बैठक २०७६।०३।०५ मा छलफल हुने प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्तावहरु:**

१. हालसम्म भएका आर्थिक प्रगति विवरण सम्बन्धमा ।

२. बजेट तर्जुमाको तयारीका लागि राजस्व परामर्श समितिको बैठक बस्ने सम्बन्धमा ।

३. विद्यालय भवन निर्माण सम्बन्धी विद्यालय छनोट सम्बन्धमा ।

४. नगरपालिका परिसरमा निर्माणाधीन शौचालय सम्पन्नको लागि रकम विनियोजन गर्ने सम्बन्धमा ।

५. कृषि कार्यक्रम संशोधन सम्बन्धमा ।

६. नगर प्रहरी सम्बन्धी ऐन तर्जुमा गर्ने सम्बन्धमा ।

७. गोरखा नगरपालिका जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि निर्माण सम्बन्धमा ।

८. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तर्जुमा गर्ने सम्बन्धमा ।

९. विविध

[illegible]ारी श्रेष्ठ

Scanned by CamScanner

राजनराज पन्त
प्रमुख

निर्णय मिति:२०७६।०२।०५

**निर्णय नं. १**

यस नगरपालिकाको हालसम्म भएको आर्थिक आम्दानीको प्रगति विवरण जानकारी गराइयो । बैशाख महिनाको मसान्त सम्मको कूल राजस्व रकम रु. ३,३९,०८,३०४।८३ (तीन करोड उनान्चालीस लाख आठ अजार तीन सय चार) संकलन भएको छ ।

**निर्णय नं. २**

आगामी आ.व. २०७६।०७७ को बजेट तर्जुमा गर्नको लागि राजस्व परामर्श समितिको बैठक २०७६ जेठ १५ गते भित्र बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नगरपालिकालाई विद्यालय क्षेत्र विकास कार्यक्रम केन्द्रस्तरबाट प्राप्त दुई कोठे नया कक्षाकोठा सहित फर्निचर निर्माण/ल्याब/लाईब्रेरीका लागि समेत) कार्यक्रम अन्तर्गत रु. ३२,००,०००।-(बत्तीस लाख) को १ कोटा प्राप्त भएकोमा यस नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट प्रस्ताव तथा निवेदन माग गरिएकोमा श्री महेन्द्रज्योति माध्यामिक विद्यालय, दरबारमार्गको मात्र निवेदन परेकोले उक्त कार्यक्रम कार्यान्वयनका लागि महेन्द्र ज्योति मा.वि. लाई छनोट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरपालिका परिसरमा निर्माणाधीन शौचालय भवन सम्पन्न गर्नका लागि आइ एन एफबाट प्राप्त रु. ७,००,०००।- (सात लाख) मध्येबाट रु. ५,००,०००।-(पाँच लाख) बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

रासायनिक र प्रांगारिक मल प्रवर्द्धन कार्यक्रममा विनियोजित बजेट रु. ५,००,०००।- (पाँच लाख)बाट कृषकहरुलाई रासायनिक मल ढुवानीको लागि व्यवस्था गरिएकोमा कृषकबाट मलको माग बढी आएकोले माग बमोजिमको मल ढुवानीको व्यवस्था मिलाउनको लागि सहकारी संस्था/समूह/कृषक मार्फत सहुलियत कृषिजन्य उत्पादित वस्तु बिक्री केन्द्र सञ्चालनमा सहयोग कार्यक्रममा विनियोजित बजेट रु.२,००,०००।- (दुई लाख) रकम रासायनिक मल ढुवानीको लागि खर्च गर्ने गरी कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगरपालिका क्षेत्रभित्र आन्तरिक सुरक्षा, फूटपाथ व्यवस्थापन बजार व्यवस्थापन लगायतका काम गर्नका लागि नगर प्रहरी राख्नु पर्ने भएकोले सोको व्यवस्था गर्नका लागि नगर प्रहरी ऐन तर्जुमा गर्नको लागि कार्यालयले काम अघि बढाउने निर्णय गरियो ।

राजनराज पन्त
प्रमुख

...री श्रेष्ठ
...प्रशासकीय अधिकृत

Scanned by CamScanner

राजनराज पन्त
प्रमुख

निर्णय मिति:२०७६।०२।०५

**निर्णय नं. ७**

गोरखा नगरपालिका जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधिको मस्यौदामा छलफल गरियो । यसमा भएका अस्पष्ट प्रावधानहरुलाई संशोधन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तर्जुमा गर्नका लागि तयार पारिएको मस्यौदामा गहन अध्ययन तथा छलफल गरियो र आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

राजनराज पन्त
प्रमुख

Scanned by CamScanner